# निसीखोला गाउँपालिका, देविस्थान, बागलुङको आर्थिक वर्ष २०८२/०८३ को संशोधित बजेट वक्तव्य

## निसीखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

देविस्थान, बागलुङ नेपाल

निसीखोला गाउँपालिका वडा नं १ का वडा अध्यक्ष एवं कार्यपालिका सदस्य श्री चन्द्रसिंह रामजाली ज्यू बाट

गाउँसभाको १७ औ अधिवेशनमा प्रस्तुत

आर्थिक वर्ष २०८२।८३ को संशोधित वार्षिक वजेट तथा कार्यक्रम..............

मिति:२०८२।०९।२९

श्रीमान् सभाका अध्यक्ष ज्यू,

प्रमुख अथिती ज्यु ,

सभाका सदस्य ज्यूहरु,

राष्ट्रसेवक कर्मचारीहरु,

राष्ट्रसेवक सुरक्षाकर्मीहरु,

पत्रकार ज्यूहरु ।

निसीखोला गाउँपालिकाको वडा नं १ को अध्यक्ष एवं कार्यापालिका सदस्य को हैसियतले यस सम्मानित गाउंसभामा चालु आर्थिक वर्ष २०८२।८३ को संशोधित वजेट कार्यक्रम प्रस्तुत गर्ने जिम्मा दिएकोमा सम्मानित कार्यपालिकालाई विशेष धन्यवाद दिदै अत्यन्त गौरवान्वित भएको छु। यस अवसरमा राष्ट्रिय स्वाधिनता,स्वतन्त्रता, जनक्रान्ती लोकतन्त्रीक गणतन्त्र तथा सामाजिक न्याय, जेनजी आन्दोलन र परिवर्तनका लागि वलिदान हुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। मुलुकको अग्रगामी परिवर्तनका लागि भएकासवै प्रकारका गणतन्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्ने सवै राजनीति अग्रजप्रति सम्मान व्यक्त गर्न्न चाहन्छु। साथै सवै घाइते वेपत्ता योद्धा एवं पीडित परिवार र नागरिक प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमवाट निसीखोला गाउँपालिकाको समृद्धि हासिल गर्न उपलव्ध साधन स्रोतलाई अधिकतम परिचालन गरी निसीखोला वासी नागरीको हित अभिवृद्धि गर्दै सामाजिक न्यायमा आधारित समाजवाद उन्मुख अर्थतन्त्र एवंम वन ,जालस्रोत संस्कृति ,पर्यटन र कृषि सभ्य ,सम्मुन्नत सुखि र समृद्धि निसी वनाउने दिर्घकालिन सोचलाई साकार रुप दिन सहयोग पुग्ने गरी वजेट कार्यान्वयन ल्याइएको छ ।

मुलुकमा देखा परेको आर्थिक समस्या विस्तारै समाधानउन्मुख हुदै गएको वर्तमान सन्दर्भमा समग्र मुलुक , तथा स्थानीय तहको दिगो विकास र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिको लागि वजेट

विनियोजनलाई उत्पादनमुलक ,रोजगारी वुद्धि र थप राजस्व प्राप्त हुने क्षेत्रमा केन्द्रित गर्दै करको दर भन्दा दायरालाई मुल मन्त्रका रुपमा आत्मसाथ गर्दे आइरहेका छौ ।

चालु आर्थिक वर्षको संशोधति वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान , निसीखोला गाउपालिकाको आवाधिक योजना , मध्यवधि खर्च संरचना नेपाल सरकारले आर्थिक वर्ष २०८२।८३ को लागि प्रस्तुत गरेको वजेट तथा प्राप्त सिलिङ. , प्रदेश सरकार प्रस्तुत गरेको वजेट तथा वजेट सिलिङ. अध्यक्ष ज्यु वाट पेश हुन आएको नीति तथा कार्यक्रम ,निसीखोला गाउँपालिका मा रहनु भएका आमनागरी समाज , स्थानीय राजनीतिक पार्टी दलका रचनात्मक ,सृजनात्मक सल्लाह ,सुझाव एवं समय समयमा जनता , र संचार माध्यमवाट प्राप्त भएका सुधारका माग समेतलाई आत्मसात गरेको छु ।

<u>सभाका अध्यक्ष ज्यु</u>

## चालु आ.व. २०८२।०८३ का वजेटका हाल सम्म भएका कार्यान्वयका अवस्था निम्नानुसार रहने छन ।

१.चालु आर्थिक वर्षको वजेट कार्यान्वय गर्दा हाल सम्म हासिल भएका उपलव्धिहरु संस्थागत गर्दे जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धुतिवाट नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको रुपमा स्थापित गरीएको छ ।

२. चालु वर्षको संशोधित वजेट कार्यान्वय गर्दा मूलतः नेपालको संविधान २०७२ , सोह्रौ योजना, नेपाल सरकार तथा प्रदेश सरकारको नीति कार्याक्रम तथा वजेट वक्तव्य, दिगो विकास लक्ष्यहरु विविध कानूनहरुलाई मुख्य आधार वनाएको छु ।

३. अनावश्यक खर्च घटाउने तथा पूंजीगत वजेटको अंश वृद्धि गर्ने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी वजेट कार्यान्वय गरीएको छ । साथै कार्यक्रमको छनौट, साधन श्रोतको वांडफांड र विनियोजनमा योजनाहरुको दोहोरोपनलाई न्यूनिकरण गर्दै वडाइएको छ ।

४. निसीखोला गाउँपालिकामा आवधिक योजना र मध्यावधि खर्च संरचनालाई आधार लिइ शैक्षिक गुणस्तर वृद्धि , गरिवी निवारण र उत्पादनमा वृद्धि र रोजगार अभिवृद्धि लाई जोड दिइ कार्यक्रम तथा योजना कार्यान्वयनमा जोड दिइएको छ ।

५. स्वस्थ्य सेवाको सुदृढीकरण मार्फत स्वास्थ्य जीवनको सुनिश्चितता ।

६. शिक्षा र सामाजिक विकास मार्फत सुसंकृत समाज निर्माण र शैक्षिक गुणस्तरमा जोड दिईएको छ।

७. निसीखोला गाउँपालिकाको आन्तरिक राजश्व बृद्धिमा थप जोड दिदै विभिन्न खानी तथा प्राकृतिक श्रोतको पहिचान गरि सम्भाव्यता अध्ययन लाई थप प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिईएको छ ।

८. विकास निर्माणका कार्य गर्दा सम्भावित विनासको नियन्त्रणको लागि वातावरणिय प्रभाव मूल्याँकन गरेर मात्र कार्यन्वयन गर्ने व्यवस्था मिलाईएको छ ।

९. स्वीकृत कार्यक्रमको कार्यन्वयन गुणस्तर र दिगोपना कायम गर्ने र उपभोक्तालाई सरल र सहज सेवा प्रदान गर्न नियमित तथा प्रभावकारी अनुगमन सुपरिवेक्षण कार्य भएको ।

१०. अधिकतम वित्तिय सुशासनमा जोड दिईएको छ ।

सभाका अध्यक्ष ज्यू,
सभाका सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०८२।८३ को स्वीकृत वजेटका उद्देश्यहरु तथा प्राथमिकता का आधारमा हाल सम्म भएको प्रगती प्रस्तुत गर्दछु :

*( वन ,जालस्रोत संस्कृति ,पर्यटन र कृषि सभ्य ,सम्मुन्नत सुखि र समृद्धि निसी)*

हाम्रो लक्ष हासिल गर्नको लागि २०८२ पौष २५ गते सम्म भएका वजेटको प्रगती देहाय अनुसार छन् ।

क) चालु आ.व. २०८२।८३ को जम्मा स्वीकृत प्रस्तावित वार्षिक वजेट रु ५३ करोड ७० लाख ९४ हजार ३२ रुपैया मात्र प्रस्ताव गरिएको मा उक्त प्रस्तावित वजेटमा खर्च तर्फ २०८२ पौष २५ गते सम्म भएको खर्च तपसिल अनुसार रहेको छ ।

१. चालु तर्फ विनियोजन रकम सशर्त सहित रु ४० करोड ९९ लाख ६५ हजार ९ सय ५६ रुपैयाँमा जम्मा खर्च रकम रु १५ करोड १४ लाख ४० हजार ३ सय अठहत्तर रुपैयाँ मात्र खर्च भएको जुन ३६.९४ प्रतिशत खर्च हो।

२. पुँजिगत तर्फ विनियोजन रकम रु १२ करोड ७१ लाख २८ हजार ७६ रुपैयाँ मा खर्च रकम रु १ करोड १३ लाख ५२ हजार ३ सय ५३ रुपैयाँ मात्र जुन ८.९३ प्रतिशत खर्च हो ।

३. माथि उल्लेखित चालु तथा पुँजिगत वजेट वाट २०८२ पौष २५ सम्म जम्मा खर्च ३०.३ प्रतिशत छ ।

**अव म चालु  वजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने संशोधित वजेट विनियोजन  प्रस्तुत गर्न चाहन्छु  ।**

१. चालु आर्थिक वर्ष २०८२।८३ का नीति तथा कार्यक्रम कार्यान्वयन तथा वजेटका उद्धेस्य प्राप्त गर्न जम्मा रु ५३८१९४०३२ /-अक्षरुपी ( त्रिपन्न करोड एकासी लाख चौरानब्ये हजार बत्तिस रुपैयाँ करोड एक लाख पाँच हजार पाँच सय मात्र) संशोधति खर्च हुने अनुमान गरेको छ ।

२. चालु  आर्थिक वर्षका लागि अनुमान गरिएको संशोधति वजेट वाट थप भएको रकम रु ११ लाख निसीखोला गाउँपालिका संचित रकम वाट  व्यवस्था मिलाइनेछ ।

राजस्व परामर्श समितिको सिफारिस  नेपाल सरकार वाट प्राप्त वजेट सिलिङ, प्रदेश सरकार वाट प्राप्त वजेट सिलिङ, आ.व. २०८२।०८३ मा यस गाउँपालिकाको लागि नेपाल सरकारले दिने अनुदानको हिस्सा तथा राजस्व परामर्श समितिको प्रतिवेदन तथा संचित कोष वाट अल्या हुने रकम सहित चालु आ.व.२०८२।०८३ को संशोधित आय   देहाय वमोजिम प्रस्तुत गर्दछु ।

तपशिल

| क्रस | विवरण | आ.व.२०८२/०८३ को प्रस्तावित | आ.व.२०८२/०८३ को संशोधन अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | संघीय सरकार | | | |
| १.१ | वित्तिय समानिकरण अनुदान | ९,८२,००,०००। | ९,८२,००,०००। | |
| १.२ | राजश्व बाँडफाँड | १०,८२,६४,८५२। | १०,८२,६४,८५२। | |
| १.३.१ | सशर्त अनुदान चालु | २३,९१,००,०००। | २३,९१,००,०००। | |
| १.३.२ | सशर्त अनुदान पुजिगत | ४६,००,०००। | ४६,००,०००। | |
| १.४.१ | समपुरक अनुदान | १,५२,००,०००। | १,५२,००,०००। | |
| २ | गण्डकी प्रदेश सरकार | | | |
| २.१ | वित्तिय समानिकरण अनुदान | १,१५,८३,०००। | १,१५,८३,०००। | |
| २.२ | राजश्व बाँडफाँड | १,०२,२४,०००। | १,०२,२४,०००। | |
| २.३ | समपुरक अनुदान | ६०,००,०००। | ६०,००,०००। | |
| २.४ | बिशेष अनुदान | ४०,००,०००। | ४०,००,०००। | |
| | गाउँपालिका | | | |
| ३ | सन्चित कोष गा.पा. | १,६३,२२,१८०। | १,७४,२२,१८०। | |
| ४.१ | आन्तरिक राजश्व | ७४,००,०००। | ७४,००,०००। | |

| | | | | |
|---|---|---|---|---|
| ४.२ | स्थानीय राजश्व बाँडफाँड बाट प्राप्त हुने आय (विभाज्यकोष) | ५०,००,०००। | ५०,००,०००। | |
| | कुल जम्मा | ५३,७०,९४,०३२। | ५३,८१,९४,०३२। | |

सभाका अध्यक्ष ज्यु ,

निसीखोला गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय कोषवाट केहि रकम खर्च गर्न र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन विनियोजन ऐन २०८२ को दफा २ लाई तपसिल अनुसार संशोधनका लागि पेश गर्दछु

आर्थिक वर्ष २०८२।८३ को निमित्त निसीखोला गाउँ कार्यपालिका ,वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालु खर्च ,पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रु ५३,८१,९४,०३२/- (अक्षरुपी त्रिपन्न करोड एकासी लाख चौरानब्ये हजार बत्तिस रुपैया ।) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिने छ ।

सभाका अध्यक्ष महोदय
गाउंसभाका सदस्य ज्यूहरु,

यस गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को संशोधित वजेट तर्जुमा एवं योजना तथा कार्यक्रम तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमुल्य सझाव र सहयोग सहित सहभागि हुनु भएका गाउँपालिका अध्यक्ष ज्यु , वडा अध्यक्ष ज्युहरु , प्रमुख प्रशासकीय अधिकृत ज्यू , कार्यपालिका सदस्य ज्यूहरु , गाउँसभा सदस्य ज्युहरु ,विषयगत समितिका संयोजक तथा सदस्य ज्युहरु ,गाउँपालिका कर्मचारी , नागरिक समाज ,पत्रकार मित्रहरु , सुरक्षा कर्मी लगायत अन्य सम्पुर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यसै गरी संशोधित योजना तर्जुमाको प्रक्रियाको शुरुवात देखि आजको यस घोषणा समारोहलाई सफलतापुर्वक सम्पन्न गर्ने समय सम्म साथ ,सहयोग गर्ने गाउँपालिकाका सम्पुर्ण पदाधिकारी तथा कर्मचारीहरुको योगदानको उच्च मुल्यांकन गर्दै आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा  प्रस्तुत वार्षिक वजेट ,योजना तथा कार्यक्रमहरु कार्यन्वयमा सवै वर्ग र क्षेत्र वाट सहयोगात्मक एवं रचनात्मक भुमिका प्राप्तीको विश्वास लिदै

“वन, जालस्रोत संस्कृति ,पर्यटन   र कृषि
सभ्य, सम्मुन्नत   सुखि र समृद्धि निसी”

 दिर्घकालिन सोच सहित निसीखोला गाउँपालिकाको सम्वृद्धि सहित वजेट कार्यन्वयनका लागि सहयोगको अपेक्षा गर्दे निसीखोला गाउँपालिकाको आ.व. २०८२।८३ का लागि संशोधित तथा थप योजना तथा कार्यक्रम स्वीकृतका लागि यसै साथ सम्लग्न गरि पेश गरेको छु संशोधित वार्षिक वजेट ,योजना तथा कार्यक्रम स्वीकृत का लागि अनुरोध सहित  विदा हुन अनुमति चाहन्छु । नमस्कार धन्यवाद ।

चन्द्रसिंह रामजाली
वडा अध्यक्ष १
निसीखोला गाउँपालिका बागलुङ